**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)


जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ (गोदावरी) संख्या : ४० मिति : २०७७/०९/०२


**भाग-१**

**गोदावरी नगरपालिका**

**नगर कार्यपालिका बैठकबाट पारित मिति :२०७७/८/२१**

**प्रमाणीकरण मिति :२०७७/९/१**

## बाढी पूर्व तयारको लागि आवास कार्य सञ्चालन विधि, २०७७

### पृष्ठभूमि

विपद्को दृष्टिकोणले नेपाल अति नै संकटासन्न अवस्थामा रहेको छ । भूकम्प लगायत प्राय हरेक वर्ष आइपर्ने बाढी, पहिरो, आगलागी, शीतलहरका कारण धेरै धनजनको क्षति हुने गरेको छ । २०४५ सालमा कोशीको बाढी, २०७२ सालको भूकम्प, २०७४ सालको बाढी पहिरोले अझ व्यापक क्षति पुऱ्याएको छ । विशेषत: नेपालका तराई क्षेत्र बाढी र सो पश्चात आइपर्ने डुवानका कारण तराईको जनजीवन थप कष्टकर हुने गरेको छ । बाढीको समयमा जीवन रक्षाका लागि सुरक्षित आवास हालसम्म उक्त डुवान क्षेत्रहरुमा उपलब्ध नभएको यस अवस्थामा बाढी आए पनि समुदायका मानिसहरु बाढीग्रस्त क्षेत्रमै बस्न बाध्य हुनु परेको छ ।

बाढीले कुनै पनि अन्य प्राकृतिक विपत्तिका तुलनामा विश्वभर धेरै मानिसहरुलाई प्रभावित गर्दछ । बाढीको सामना गर्नको निमित्त एकीकृत जोखिम व्यवस्थापन पद्धतिको आवश्यकता पर्दछ, जसमा प्रभावकारी पूर्व तयारी र विपद् हुनुभन्दा पहिले देखि आपतकालीन प्रतिकार्यका लागि पूर्वानुमान तथा पूर्व सूचना प्रणालीकासाथै संरचनात्मक र गैर संरचनात्मक उपाय दुवै समावेश हुन्छन् । वायुमण्डलीय

परिस्थितिको जटिलता र जल तथा मौसम विज्ञान सम्बन्धी अवलोकन र पूर्वानुमानसँग जोडिएको अनिश्चितताका कारण बाढीको भविष्यवाणी गर्न चुनौतीपूर्ण छ ।

त्यसै गरी, स्थान तथा समय विशेषमा हुने अतिजन्य मौसमी घटनाहरुको ढाँचामा परिवर्तन आईरहेकोले उच्च सघनता तथा छोटो अवधिका वर्षाका घटनाहरु वृद्धि भईरहेका छन् । तसर्थ, सामुदायिक अभ्याससँग जोडिएका पूर्वानुमान प्रविधिहरूमा आधारित एकीकृत पद्धतिको आवश्यकता हुन्छ । उपलब्ध पूर्वानुमान तथा तात्कालिक तथ्याङ्कमा आधारित पूर्व तयारी कार्यद्वारा समुदायका अनुकूलन क्षमता तथा उत्थानशिलता प्रभावकारी ढंगले वृद्धि गर्न सकिन्छ । पूर्वानुमानमा आधारित लगानीले जोखिम कम गर्दछ, तयारी तथा प्रतिकार्य वृद्धि गर्दछ साथै विपद् जोखिम व्यवस्थापनलाई थप प्रभावकारी र सक्षम बनाउँदछ ।

गोदावरी नगरपालिकाको बाढी कार्य सञ्चालन विधि एक मार्गदर्शक दस्तावेज हो जसमा वांछित उपलब्धि हासिल गर्न एक विशेष कार्यप्रणाली र कार्यविधि कार्यान्वयन गर्नको लागि चरणवद्ध प्रकृया समावेश हुन्छन् । कार्य सञ्चालन विधिले सबै संलग्न सरोकारवालाहरुका लागि विस्तृत मार्गदर्शक दस्तावेजको रुपमा कार्य गर्दछ, जसले रणनीतिक तथा कार्यनैतिक स्तरमा विपद् प्रतिकार्यमा सटीक कार्यकारी प्रक्रियाको रुपरेखा तयार गर्दछ, । सरकारी संस्थाहरु, अन्तर्राष्ट्रिय मानवीय संस्थाहरु, स्थानीय सरोकारवालाहरु र समुदायद्वारा बाढीको घटनामा क्षति र हताहत कम गर्न विपद् पहिले र विपद् पछि विभिन्न चरणमा सम्पन्न गर्नुपर्ने कार्य निर्दिष्ट गरिएको चरणवद्ध प्रक्रिया हो ।

बाढी पूर्व तयारीको निमित्त पूर्वानुमानमा आधारित लगानीको सन्दर्भमा कार्य सञ्चालन विधि एक स्तरीय र्मागदर्शन हो, जसले पूर्वानुमान स्तरलाई निश्चित प्रारम्भिक कार्य र यस्ता कार्यका लागि जिम्मेवार संस्थाहरूसँग जोड्ने काम गर्दछ । सिद्धान्ततः कार्य सञ्चालन विधिले मौसम र बाढीको पुर्वानुमानमा सुरु हुने प्रक्रियाका लागि तयारी कोषको समयमा सहज पहूँच बनाउन प्रक्रियालाई स्वचालित बनाउँदछ । कार्य सञ्चालन विधिले निश्चित प्रारम्भिक कार्यका साथ पूर्वानुमान थ्रेसहोल्ड र ट्रिगर स्तरलाई स्पष्ट रूपमा जोड्ने कार्य गर्दछ र जिम्मेवार संस्थाहरुलाई निर्देशित गर्दछ । जसबाट दिइएको 'पूर्वानुमान सूचना' र 'घटना' का बीचको उपलब्ध सीमित अवधिमा योजनाबद्ध गतिविधिहरुलाई सफलतापूर्वक लागू गरिन्छ । यो एक गतिशील दस्तावेज हो जसमा अनुगमन, मूल्यांकन र पूर्वानुमान आधारित लगानी संयन्त्रको सिकाइ प्रक्रिया पनि समावेश छ।

**आपत्कालिन आवासको उद्देश्य**

- कुनैपनि प्रकारको विपद् परेको समयमा जोखिममा परेका वा पर्न सक्ने मानिसहरुलाई एकत्रित गरी सुरक्षित आवासको सेवा दिने ।
- विपद नपर्दाको सामान्य अवस्थामा विपद् श्रोत केन्द्रको रुपमा प्रयोग गरी समुदायका मानिसहरुमा ज्ञान तथा शीपमा वृद्धी गर्ने
- विपद् व्यवस्थापन सम्वन्धी तालिम, गोष्ठी, पैरवी सञ्चालन गर्ने ।

गोदावरी नगरपालिका

**प्रमुख शब्दावलीहरु**

१) **आपत्काल** : आपतकालीन् अवस्था भनेको त्यस्तो अवस्था हो, जसले स्वास्थ्य, जीवन, धनजन र वातावरणमा तत्काल ठूलो जोखिम निम्त्याउन सक्छ । आपतकालिन् अवस्थालाई परिभाषित गर्न तल उल्लेख गरिएका मध्ये कुनै एकलाई जनाउँदछन्-

- जीवन, स्वास्थ्य, धनजन अथवा वातावरणको तत्काल जोखिम हुने ।
- जसले पहिले नै मृत्यु गराएको छ, धनजनको क्षति अथवा वातावरणको क्षति गराएको छ ।
- जीवन, स्वास्थ्य, धनजन र वातावरणलाई ठूलो क्षति हुनसक्ने सम्भावना भएमा ।

२) **प्रकोप**ः त्यस्ता डरलाग्दा परिघटना, वस्तु, मानवीय क्रियाकलाप, वा परिस्थिति जसका कारणले ज्यानको नोक्सानी, घाइते हुने सम्भावना वा अन्य स्वास्थ्यसम्बन्धी असरहरू, धनमालको क्षति, आजीविका तथा सेवाहरूको नोक्सानी, सामाजिक तथा आर्थिक गतिरोध, वा वातावरणीय ह्रास समेत निम्त्याउँछ । यहाँ विपद् र प्रकोप बीचको फरक छुट्याउन वाञ्छनीय हुन्छ । प्रकोपका कारण विपद्को घटना हुन्छ । एउटा प्रकोपले विपद् त्यतिवेला उत्पन्न गर्न सक्छ जुनबेला त्यस प्रकोप नजिक रहेका समाज प्रभावित हुन्छन् र आफै सम्हाल्न सक्दैनन् ।

३) **विपद्** : प्रभावित समाज वा समुदायले आफ्नै बलबुता र श्रोत  साधनको प्रयोग गरी सामना गर्न नसक्ने स्तरको त्यस्तो गम्भीर प्रकोपजन्य घटना तथा त्यसबाट हुनसक्ने मानवीय, भौतिक, आर्थिक र वातावरणीय क्षति जसले गर्दा सामान्य सामाजिक प्रक्रिया अवरुद्ध हुनेछ ।

४) **संकटासन्नता** : कुनै समुदाय, प्रणाली वा श्रोत संसाधनका त्यस्ता गुण र विशेषताहरू एवं परिवेश जसले तिनीहरूलाई प्रकोपका घातक प्रभावहरू प्रति विशेष संवेदनशील बनाउछन् । समुदायको सङ्कटासन्नता त्यसमा रहेको गरिबी, शैक्षिक अवस्था लगायत विभिन्न पक्षहरुसँग सम्बन्धित हुन्छ ।

५) **जोखिम** : कुनै पनि प्रकोप घटनाको सम्भाव्यता र त्यसका नकारात्मक परिमाणहरूको समग्र अवस्था नै जोखिम हो । प्रकोप जोखिम प्रकोपको मात्रा, त्यस क्षेत्रको सङ्कटासन्नता तथा सम्मुखतासँग सम्बन्धित हुन्छ ।

६) **विपद् जोखिम**ः मानव जीवन, स्वास्थ्य अवस्था, आजीविका, धन सम्पत्ति तथा प्राप्त सेवाहरूमा विपद्बाट हुन सक्ने सम्भावित नोक्सानी जुन खास समुदाय अथवा समाजको कुनै भावी कालखण्डमा घटित हुन सक्छ ।

७) **जोखिमका तत्वहरु** : प्रकोपका असरहरूको सामना गरिरहेका र त्यस्ता प्रभावहरूबाट प्रतिकूल प्रभाव पर्न सक्ने मानिस, पूर्वाधार, बालीनाली तथा जीवन निर्वाहका साधनहरु ।

८) **पुनर्लाभ** : यस अन्तर्गत पुनःस्थापना तथा पुनर्निर्माणका कार्यक्रम पर्दछन् । यो भनेको विपद्भन्दा पहिलेको क्रियाशीलताको तहमा अथवा सोभन्दा माथि आफैंलाई पूर्ण रूपमा स्थापना गर्नका लागि विपद्बाट प्रभावित समुदायद्वारा सञ्चालित प्रक्रिया हो ।

९) **पूर्वतयारी** : सम्भावित, आसन्न अथवा हालका प्रकोप सम्बन्धी घटना अथवा अवस्थाका प्रभावहरूको प्रभावकारी रूपमा पूर्वानुमान गर्न, प्रतिकार्य गर्न र पुनर्लाभ हासिल गर्न समुदाय तथा व्यक्तिहरूद्वारा विकास गरिएका ज्ञान तथा क्षमता ।

१०) **आपत्कालिन आवास** : विपद्को समयमा जोखिममा परेका वा पर्न सक्ने मानिसहरुको अस्थायी आपत्कालीन बसोबासको लागि निर्माण गरिएको आवास ।

११) **उच्चकल** : बाढी आएको समयमा भेल पसेर खानेपानीलाई अशुद्ध नपारोस् भनि सामान्य जमिन सतहभन्दा उचाईमा प्लेटफर्म बनाई पानी पीउनका लागि तयार पारिएको कल ।

१२) **र्‍याम्प** : अपाङ्गता भएका तथा बुढाबुढीहरुलाई सिढीँ प्रयोग गर्न अप्ठ्यारो हुने भएकाले भुइँबाट पेटीसम्म उक्लिन सजिलो बनाउन केही सहज झुकावमा विस्तारै उचालिएको पेटी ।

१३) **स्टील पोष्ट** : आपत्कालिन आवासको संरचनामा पिलरको रुपमा कङ्कीटको नभई फलामको पोष्ट गरिनेछ ।

१४) **प्री फ्याब्रिकेटेड प्यानल**: आवासमा ईँटाको गारोको सट्टामा प्रयोग हुने हल्का तौल भएको बोर्ड ।

१५) **सि.जि.आई सिट** : छानोमा प्रयोग हुने खिया नलाग्ने जिङ्क कोटिङ् गरिएका (Galvanized) जस्ता पाता ।

**आवास व्यवस्थापन तथा विभिन्न निकायहरुको भूमिका :**

आवास व्यवस्थापनमा निम्न निकायहरुको भूमिका रहनेछ :

- जिल्ला विपद् व्यवस्थापन समिति
- जिल्ला समन्वय समिति
- स्थानीय सुरक्षा निकायहरु ( प्रहरी, शसस्त्र प्रहरी र नेपाली सेना )
- स्थानीय विपद् व्यवस्थापन समिति
- सामुदायिक विपद् व्यवस्थापन समिति

- पालिका
- वडा कार्यालय

**प्रारम्भिक सूचना :**

यो कार्यमा स्थानीय विपद् व्यवस्थापन समिती, नगरपालिका, जिल्ला आपत्तकालीन कार्यसञ्चालन केन्द्र District Emergency Operation Center (DEOC), बाढी सूचना कार्य टोलीको Early Warning Task Force को जिम्मा रहनेछ । यदी कुनै विपद् आइपरेको खण्डमा वडा स्तरीय विपद् व्यवस्थापन समिति (वा नगरपालिका वा आपतकालीन आवास व्यवस्थापन समिति) द्वारा तत्कालै कार्य सञ्चालन गर्न निर्णय गर्नेछ । सो अनुरुप सामुदायिक विपद् व्यवस्थापन समिति वा रेडक्रसको उपशाखा वा वडा स्तरीय विपद् व्यवस्थापन समितिले ६ घण्टा भित्र समुदायका प्रभावित परिवारहरुलाई सूचना प्रदान गर्नेछ ।

**लाभान्वितहरुको आपत्कालीन स्थानान्तरण :**

यसको जिम्मा स्थानीय विपद् व्यवस्थापन समितिको हुनेछ र सो समितिले उपयुक्त एवम् सुरक्षित बाटो (Evacuation Road) को पहिचान गरी ६ देखि १२ घण्टासम्ममा समुदायका विस्थापित परिवारहरुलाई स्थानान्तरण गर्नेछ ।

**क्षेत्र (साइट) योजना :**

आपतकालीन स्थानान्तरण केन्द्र स्थापना गर्नको लागि स्थान छनौटमा नगरपालिकाको महत्वपुर्ण भुमिका रहन्छ ।

**लाभान्वितहरुको छनौट :**

यसको जिम्मा स्थानीय विपद् व्यवस्थापन समितिको हुनेछ र विपद्को समयमा प्रभावित जसलाई अस्थायी आवासको व्यवस्थापन गनुपर्ने भएमा व्यवस्थापन गरी मात्र लाभान्वितहरुको पहिचान र छनौट गर्नुपर्ने । लाभान्वितहरु पहिचान गर्ने क्रममा वृद्ध, वालवालिका, सुत्केरी/गर्भवती महिला, एकल महिला, शारीरिक असक्षमता भएका व्यक्ति तथा परिवारहरुलाई पहिलो प्राथमिकतामा राखी छनौट गर्नेछ । लाभान्वितहरुलाई छनौट पश्चात एउटा कार्ड उपलब्ध गराई आवासको प्रयोगको वारेमा जानकारी गराईनेछ ।

**लाभान्वितहरुको दर्ता :**

यसको जिम्मा स्थानिय विपद् व्यवस्थापन समितिको हुनेछ र उक्त समितीले विपद्को समयमा प्रभावित तथा प्रभावमा पर्नसक्ने व्यक्तिहरुको पहिचान गरी लाभान्वितको रुपमा दर्ता गर्नु पर्नेछ ।

**सेवाकार्य सञ्चालन/ प्रदान :**

आपत्कालिन आवासमा अस्थायी बसाईका लागि आउने लाभान्वितहरुलाई निम्न सेवा प्रदान गरिनेछ:

- शुद्ध खानेपानी, व्यवस्थित शौचालय (महिला, पुरुष तथा अपाङ्गता भएका व्यक्तिका लागि छुट्टाछुट्टै), स्नानघर, पङ्खा तथा बिजुलीबत्तिको सुविधा ।
- बसोबासको अवधिभरी खानपिनको व्यवस्था ।
- लैङ्गिक हिसाबले सुरक्षित तथा प्रहरीको सुरक्षाघेरा भित्रको रहनसहन ।

**कर्मचारी तथा स्वयंकेवक व्यवस्थापन :**

आवासका लागि कर्मचारीहरुको व्यवस्थापनको जिम्मा स्थानीय विपद् व्यवस्थापन समितिको हुनेछ र समितिका पदाधिकारी, नगरपालिकाका कर्मचारी तथा स्वयंसेवकहरु आवासको स्वयंसेवक बन्न पाउने छन ।

**ढुवानी तथा बन्दोबस्ती :**

आवासमा जरुरी पर्ने सम्पूर्ण खाद्य तथा गैरखाद्य सरसमानको ढुवानी तथा बन्दोबस्तीको जिम्मा स्थानिय विपद् व्यवस्थापन समिति र नगरपालिकाको रहनेछ ।

**गुनासो/ उजुरी व्यवस्थापन :**

आवास संचालन वा व्यवस्थापन सम्बन्धि कुनै गुनासो भएमा आवासमै राखिएको उजुरी पेटीकामा लिखित रुपमा आफ्नो गुनासो खसाल्न सकिनेछ । साथै सूचना पाटीमा आवास संचालन वा व्यवस्थापनसँग सम्बन्धित व्यक्तिहरुको नाम र सम्पर्क नम्बर राखिने र गुनासो राख्न सकिनेछ ।

**समन्वय तथा संञ्चार :**

विभिन्न कामका लागि समन्वय गर्न परेमा नेपाल रेडक्रस सोसाइटी, प्रहरी, वार्ड तथा नगरपालिकालाई सम्पर्क गर्न सकिनेछ ।

**अनुगमन**

अनुगमनको जिम्मा नगर स्तरीय विपद् व्यवस्थापन समिति र स्थानिय विपद् व्यवस्थापन समितिको हुनेछ र यो कार्य सुरुवात देखि गर्नु पर्ने र आवास प्रयोगको समयमा कसरी प्रयोगमा आएको, कति जना मानिस बस्न आएका (महिला, पुरुष, बालबालिका, अशक्त), खाद्य तथा गैरखाद्यको प्रयोग, आवास प्रयोगमा आएको दिन सबै कुराको अनुगमन गर्नुपर्नेछ ।

**प्रतिवेदन :**

आवास प्रयोग भएपछि अनुगमन पश्चात् प्रतिवेदन तयार गर्ने काम आवास व्यवस्थापन समिति र स्थानिय विपद् व्यवस्थापन समितिको हुनेछ र उक्त प्रतिवदेन सम्बन्धित नगरपालिका र जिल्ला विपद् व्यवस्थापन समितिलाई पठाउनु पर्दछ ।

**निष्क्रियकरण तथा कार्य समापन :**

विपद् पश्चात सामान्यतया ३ महिना भित्रमा समुदायको अवस्था सुधार भई विस्थापित परिवारहरु आफ्नो पहिलेको वासस्थानमा फर्किएको अवस्थामा वा त्यस क्षेत्रमा पुनर्लाभको कार्यक्रम शुरु भएपछि वडा स्तरीय विपद् व्यवस्थापन समिति वा नगरपालिका वा आपत्कालीन आवास व्यवस्थापन समितिको बैठक बसी निर्णय गरी स्थानिय विपद् व्यवस्थापन समितिको सिफरिसमा सम्बन्धित नगरपालिका र सो अन्तर्गतको सम्बन्धित वडा कार्यालयबाट अनुमोदन गरी आपत्कालीन आवास खाली गर्नेछ ।

सुरक्षा :

नगर स्तरीय विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समितले स्थानीय प्रहरीसँग समन्वय गरी आवास क्षेत्र सुरक्षाको व्यवस्था मिलाउन सक्नेछ ।

मर्मत तथा स्थिरता :

आवासको मर्मतको जिम्मेवारी दिन तथा सुरक्षाको र स्थिरताको प्रत्याभूतिका लागि आवास व्यवस्थापन समितीको रहनेछ ।

**आज्ञाले,**

देवराज जोशी<br>प्रमुख प्रशासकीय अधिकृत

गोदावरी नगरपालिका